अदालतले भर्ने
दर्ता नं. ..................
दर्ता मिति

# श्री झापा जिल्ला अदालतमा

## मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३२ बमोजिम दायर गरिएको

**अभियोग-पत्र**

## आ.व. २०७८/०७९ सालको नि.नं. ५६

प्र.ना.नि राजेन्द्रप्रसाद पासवान समेतको प्रतिवेदन जाहेरीले नेपाल सरकार.................. वादी

**विरुद्ध:-**

१. नगेन्द्रवहादुर डाँगीको छोरा जिल्ला सल्यान साविक देवस्थल गा.वि.स. वडा नं. ७ हाल ऐ. बनगाड कुपिण्डे न.पा. वडा नं. १ सल्लीबजार टोल बस्ने वर्ष ३० को **रमेश डाँगी भन्ने रमेश डि.सी**.........................................................(पक्राउ)

२. प्रेमबहादुर मगरको छोरा जिल्ला झापा साविक अनारमनी गा.वि.स वडा नं. ४ हाल ऐ. विर्तामोड न.पा वडा नं. ४ बस्ने (ना.प्र.नं. ००४-०१-६९-०१०९२, जारी मिति २०६९।०१।२७ गते झापा) अं. वर्ष २७ को **किरण मगर**...........(फरार)

प्रतिवादी

**मुद्दाः लागू औषध ।**

**मुद्दाको संक्षिप्त तथ्यः-**

१. **बरामदी/खानतलासी मुचुल्का** :- जिल्ला झापा मेचीनगर न.पा वडा नं. ६ स्थित पूर्वमा मेची खोलाको पुरानो पुल, पश्चिममा मेची पुलबाट काँकडभिट्टा बजारतर्फ जाने बाटो, उत्तरमा मेचीखोलाको नयाँ पुलको अण्डर ग्राउण्डको बाटो हुँदै काँकडभिट्टातर्फ आउने घुमेको बाटो र दक्षिणमा शसस्त्र प्रहरी बलको चेक पोईन्ट तथा पोष्ट यति चार किल्ला वीचमा रहेको मेचीखोलाको सानो पुलको पश्चिमपट्टीको मुखमा भारत पानीट्याङ्कीतर्फबाट पैदल नेपाल आएका रमेश डि.सी. नाम बताउने व्यक्तिलाई रोकी निजले बोकेको कालो रङको व्याग झोला

जिल्ला सरकारी वकिल कार्यालय भद्रपुर, झापा

चेकजाँच गर्दा व्याग भित्र रहेको Economics नाम लेखेको बुक लगायत कपडा कागजात फेला परेको उक्त कागजातहरू चेकजाँच गर्ने क्रममा Economics लेखेको बुक (किताव) मा रहेको पानाहरू मध्ये ११२ वटा पानाको विच भागमा काटेर प्वाल पारेको सोही ठाउँमा एउटा हरियो पातलो प्लाष्टिकमा व्राउनसुगर जस्तो देखिने पदार्थ लागू औषध फेला परेकोले नाप तौल गर्दा प्लाष्टिक बाहेक २३ ग्राम भएको हुँदा बरामदित लागू औषध, कालो रंगको पछाडि भिर्ने व्याग थान १, Economics लेखेको विचमा ११२ वटा पानाको विच भाग काटेर खाल्डो बनाएको किताव थान १ र मानिस समेत प्रहरीले लगेको भन्ने समेत व्यहोराको मिति २०७८।०८।२१ गतेको बरामदी/खानतलासी मुचुल्का ।

२. **प्रहरी प्रतिवेदन** :- मिति २०७८।०८।२१ गते विहानै देखि लागू औषध व्राउन सुगर भारतबाट नेपालतर्फ ल्याउँदैछन् भन्ने गोप्य सूचनाको आधारमा जिल्ला झापा मेचीनगर न.पा. वडा ६ स्थित मेचीखोलाको पुरानो पुल जुन पुलमा पैदलयात्री तथा साना सवारी साधनमा मानिसहरु नेपाल भारत आवात जावत गर्ने गरेको हुँदा सो ठाउँमा मेरो कमाण्डमा चेक प्वाईन्ट खडा गरी लागू औषध ओसार पसार गर्न सक्ने मानिसहरुको पहिचान तथा तलासी लिने क्रममा अं. ११:०० बजेको समयमा फेला परेका रमेश डि.सी. नाम बताउने व्यक्तिको व्याग तथा लगाएको कपडा, शरीरको तलासी लिंदा निजले वोकेको पछाडी भिर्ने व्यागभित्र विभिन्न कागजात भएको सो मध्ये Economics लेखेको किताव Book भित्रका पानाहरु मध्ये ११२ वटा पानाको विच भागमा काटेर खाल्डो जस्तो बनाएको सोही किताव (Book) को पानाहरु काटिएको खाल्डो जस्तो ठाउँ विचमा हरियो पातलो प्लाष्टिकले वेरेको लागू औषध व्राउन सुगर जस्तो पदार्थ फेला परेकोले निजलाई सोही ठाउँमा रोकी अनुसन्धान अधिकारी समेतको टोली आई कानून बमोजिम बरामद तथा नाप तौल गर्दा प्लाष्टिक वाहेक २३ (तेइस) ग्राम भएको हुँदा उक्त सामान को को भई ल्याएको भनी सोध्दा मेरो साथी किरण भन्ने व्यक्ति र मैले ल्याएको हो, निज किरण भन्ने भन्ने व्यक्ति पारी भारतमा नै छन् एकछिन पछि आउँछ अनि नेपालमा भेट्ने भनी कुरा भएको छ भनी वताएकोले निज रमेश डि.सी.लाई अनुसन्धान अधिकारीद्धारा जरुरी पक्राउ पूर्जी दिई उक्त बरामदित प्लाष्टिक वाहेक २३ (तेइस) ग्राम लागू औषध व्राउन सुगर जस्तो देखिने पदार्थ, उक्त लागू औषध व्राउन सुगर जस्तो पदार्थ लुकाई राख्न प्रयोग गरेको Economics लेखेको किताव (Book) उक्त लागू औषध सहितको किताव (Book) राख्न वोक्न प्रयोग गरेको कालो व्याग झोला लगायत रमेश डि.सी. लाई यसै प्रतिवेदन साथ दाखिला गरेका छौं, कानून बमोजिम कारवाही गरी पाउँ भन्ने समेत व्यहोराको मिति २०७८।०८।२१ गतेको प्र.ना.नि राजेन्द्रप्रसाद पासवान समेतको प्रतिवेदन ।

३. **तौल मुचुल्का** :- बरामदी मुचुल्कामा उल्लेखित प्रतिवादी रमशे डि.सी. को साथबाट फेला परेको लागू औषध व्राउन सुगर जस्तो पदार्थ डिजिटल तराजुमा तौल गर्दा प्लाष्टिक बाहेक २३ (तेइस) ग्राम ग्राम तौल रहेको भन्ने समेत व्यहोराको मिति २०७८।०८।२१ गतेको तौल मुचुल्का

४. **प्रतिवादी रमेश डाँगी भन्ने रमेश डि.सी. ले गरेको बयान** :- म काठमाडौंको कसमस ईन्जिनियरिङ कलेजबाट ईन्जिनियरिङ सकेर काठमाडौंको तिनकुनेमा Complet Engeering Consultancy Pvt.Ltd. खोली काठमाडौंको नयाँ वानेश्वरमा बस्दै आएको छु । पहिला कलेज पढ्दा साथीहरुको संगतमा लागेर लागू औषध ब्राउन सुगर सेवन गर्न सिकेको थिए, विचमा २/४ वर्ष छाडी विवाह समेत गरी काम गर्दै आएकोमा २०७८ सालको दशै अगाडी म भन्दा जुनियर भाइहरुको संगतमा लागेर पूनः थोरै थोरै किनेर लागू औषध ब्राउन सुगर सेवन गर्न थाले । यसै क्रममा झापा जिल्ला घर वताउने ठेक्काको काम गर्ने अरुण राई/लिम्बु मंगोलियन जस्तो देखिने मानिससँग चिनजान भयो । निजले काठमाडौंमा बस्ने ९८१८२३१६१९, ९८०३४३८८१३ नम्बरको मोवायल फोन नम्बर प्रयोग कर्ता यकिन नामथर थाहा नभएको सुदिप भन्ने मान्छेसँग चिनाई दियो, सुदिपले पनि सेवन गर्ने भएकोले निज सँग २/४ पटक किनेर सेवन गरे । अरुण मार्फत चिनजान भएका झापा बस्ने ९८२५९८५१५१ नम्बरको मोवायल फोन प्रयोगकर्ता किरण भन्ने व्यक्तिसँग मैले फोनमा कुरा गर्दा झापातिर कन्सनटेन्सीमा काम गर्नु छ, झापा आउँदै छु ब्राउन सुगर समेत चाहिएको छ, पाइन्छ कि पाइदैन भनेर सोध्दा पाइन्छ तर पारी भारतको पानी टयाङ्कीमा जानुपर्छ भनेपछि मैले हुन्छ भनी मिति २०७८।०८।२० गते दिनको १२:५० को बुद्ध एयरको उडानद्वारा काठमाडौंबाट भद्रपुर आई विर्तामोड आएर किरण भन्ने व्यक्तिलाई भेटे पछि निजको कोठामा नै गएर बसे । भोलिपल्ट मिति २०७८।०८।२१ गते विहानै उसको कोठाबाट हामी दुवैजना उठेर विर्तामोडको पश्चिम स्टेनमा आई रातो बस गाडीमा चढेर काँकडभिट्टा आयौ। काँकडभिट्टाबाट सिटी सफारीमा चढी भारतको पानी टयाङ्की सगै गयौ, भारतको पानी टयाङ्की पुगेपछि म ब्राउन सुगर किनेर आउँछु पैसा दिनु कति लाने भन्यो । मैले कसरी पाउँछ भन्दा १ ग्रामको नेपाली रु.३,०००।- (तीन हजार) पर्छ भनेपछि ल चाखी हेरौ न त भनेर एक सट चाख्दा राम्रो लाग्यो, अनि मैले २० (विस) ग्राम लाने सोच बनाई म सँ भएको नेपाली रु.६०,०००।- (साठ्ठी हजार) दिएर पठाएपछि लगभग १० मिनेट जतिमा निजकै Economics लेखको कितावमा भित्र पानाहरु काटी लुकाएर किताविभत्र राखी ल्याएर देखायो, मैले हेरे पछि उक्त किताव सहित किताव भित्र रहेको लागू औषध ब्राउन सुगर मैले बोक्ने व्याग भित्र राखी व्याग बोकेर आउँदै गर्दा मेचीखोलाको पुलमा निज किरण भन्ने व्यक्तिको फोन आयो निज त्यहीबाट तिमी जाँदै गर म एकछिन पछि आउँछु भनी मलाई नेपालतर्फ जादै गर्नु भनेकाले म नेपालतर्फ आउँदै गर्दा नेपाल प्रहरीका टोलीले फेला पारी चेकजाँच गर्दा मैले वोकेको व्यागभित्र रहेको Economics लेखेको कितावको विच पानाहरु काटेर राखेको हरियो रंगको प्लाष्टिकले पोको पारी लुकाई छिपाई ल्याउँदै गरेको अवस्थामा प्रहरीले मलाई पक्राउ गरी मेरो साथबाट बरामद लागू औषध ब्राउन सुगर नापतौल गर्दा प्लाष्टिक वाहेक २३ (तेइस) ग्राम भएको हो भन्ने समेत ब्यहोराको मिति २०७८।०८।२२ गतेको प्रतिवादी रमेश डाँगी भन्ने रमेश डि.सी. को बयान ।

५. **प्रतिवादी रमेश डाँगी भन्ने रमेश डि.सी. को ततिम्वा बयान** :- प्र.ना.नि भिम सिंह राजपुत समेतको प्रतिवेदन जाहेरीले नेपाल सरकार वादी र म समेत प्रतिवादी भएको लागू औषध मुद्दामा मिति २०७८।०६।१९ गते निवेदनसाथ म सम्मानित सिराहा जिल्ला अदालत सिराहामा हाजिर भई मैले बयान गरे पछि थुनछेक हुँदा मेरो हकमा रू. ७५,०००।- (पचहत्तर हजार) धरौटी खुलेकोले सो धरौटी राखी तारेखमा छुटेको हुँ । सम्मानित सिराहा जिल्लामा म उपर चलेको उल्लेखित मुद्दामा मेरो नाम रमेश डाँगी उल्लेख छ । मलाई गाउँ घरमा वोलाउँदा रमेश डाँगी भन्ने गरेको छ । मेरो नागरिकताको नाम रमेश डि.सी. हो । मेरो वुवाको नाम नगेन्द्र बहादुर डाँगी हो । मेरो एकिन वतन जिल्ला सल्यान साविक देवस्थल गा.वि.स वडा नं. ७ हाल ऐ. बनगाड कुपिण्डे न.पा वडा नं. १ हो भन्ने समेत व्यहोराको मिति २०७८।१०।१६ गतेको प्रतिवादी रमेश डाँगी भन्ने रमेश डि.सी. को ततिम्वा बयान ।

६. **अभियोग पत्र** :- प्रतिवादी रमेश डाँगी समेतले लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (घ)(ङ) र (च) बमोजिमको कसुर गरेको पुष्टि भएकोले निज प्रतिवादीहरूलाई सोही ऐनको दफा १४(१)(छ)(१) बमोजिम सजाय गरी अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम प्रतिवादीहरूबाट क्षतिपूर्ती शुल्क निर्धारण गरी क्षतिपूर्ति शुल्क प्रतिवादीबाट पीडित राहातकोषमा जम्मा हुन समेत मागदावी लिइएको भन्ने समेत व्यहोराको जिल्ला सरकरी वकील कार्यालय सिराहाको अभियोग पत्रको प्रमाणित प्रतिलिपी ।

७. **आदेश पर्चा** :- प्रतिवादी रमेश डाँगी पूर्णत निर्दोष रहेछन् भनी अहिले नै विश्वास गर्न सकिने मनासिव सवुद प्रमाणको अभावमा मुद्दाको कारवाहीको क्रममा संकलित सवुत प्रमाणका आधारमा ठहरे बमोजिम हुने गरी हाललाई यी प्रतिवादी रमेश डाँगीलाई विषेश अदालत ऐन २०१९ को दफा ७(ङ) बमोजिम रू ७५,०००।- (पचहत्तर हजार) नगद वा सो बरावरको बैंक ग्यारेन्टी वा जेथा जमानी दिए लिई तारेखमा राख्नु । दिन नसके कानून बमोजिमको थुनुवा पूर्जी दिई थुनामा राख्न कारागार कार्यालय सिराहामा पठाई दिनु भन्ने समेत व्यहोराको सम्मानित सिराहा जिल्ला अदालतको आदेश पर्चाको प्रमाणित प्रतिलिपी ।

८. **धरौटी रसिद** :- मिति २०७८।०६।१९ गते प्रतिवादी रमेश डाँगीले सम्मानित सिराहा जिल्ला अदालतमा नगद रू. ७५,०००।- (पचहत्तर हजार) धरौटी जम्मा गरेको धरौटी रसिदको प्रमाणित प्रतिलिपी ।

९. **कल्पना लिम्वुको घटना विवरण कागज** :- मिति २०७८।०८।२१ गते विहान अं. ११:०० बजे जिल्ला झापा मेचीनगर न.पा वडा नं. ६ स्थितबाट २३ (तेईस) ग्राम लागू औषध ब्राउन सुगर सहित रमेश डि.सी. पक्राउ परेको घटनाको सम्वन्धमा हाल आएर सुनी थाहा पाएको हुँ। पक्राउ परेका प्रतिवादी रमेश डि.सी. लाई मैले चिनेको छैन । निज रमेश डि.सी.ले बयान गर्ने क्रममा खुलाई लेखाई दिएको ९८०३४३८८१३ नम्वरको मोवाईल नम्वर प्रयोग गर्ने सुदिप भन्ने व्यक्तिलाई चिन्दिन । जिल्ला मोरङ वयरवन ७ बस्ने आशिष राई मेरो श्रीमान् हुन् । ९८०३४३८८१३ नम्वरको सिम मेरो श्रीमानको नाममा दर्ता रहेको थियो ।

सन २०१४ मा मेरो श्रीमान रोजगारको सिलसिलामा विदेश मलेसिया जाने क्रममा उक्त सिम कार्ड काठमाडौंमा नै हराएको थियो । मेरो श्रीमान् सन २०१४ देखि हाल अहिलेसम्म रोजगारको सिलसिलामा विदेश मलेशियामा हुनुहुन्छ । मेरो श्रीमानको नाममा दर्ता रहेको उक्त सिम के कहाँबाट सुदिप भन्ने व्यक्तिले भेटेर प्रयोग गरेको हो सो सम्वन्धमा थाहा भएन। सिम कार्ड हराएपछि सम्वन्धित निकायमा गएर वन्द गराउने/अर्को सिम निकाल्नु पर्ने हो, तर श्रीमान विदेशमा रहनु भएको र आफुलाई पनि सो सम्वन्धमा राम्रोसँग जानकारी नभएकोले केही गरेको थिएन । हाल पक्राउ परेका प्रतिवादी रमेश डि.सी. को साथबाट बरामद भएको लागू औषधको कारोवारमा मेरो श्रीमानको कुनै संलग्नता छैन । लागू औषध कारोवार गर्ने सुदिप भन्ने व्यक्तिलाई मेरो श्रीमानले सिम कार्ड दिएको होईन । पक्राउ प्रतिवादी रमेश डि.सी. ले बयानमा खुलाई लेखाई दिएको ९८०३४३८८१३ नम्वरको मोवाईल प्रयोग गर्ने सुदिप भन्ने व्यक्तिको सम्वन्धमा समेत मेरो श्रीमानसँग फोन सम्पर्क गर्दा निजलाई चिन्दिन भन्नु भएको र मेरो श्रीमान् सन २०१४ देखि नै विदेशमा रोजगारीमा रहनु भएकोले म्यासेन्जर मार्फत श्रीमान् विदेश जानु भएको भिषाको प्रतिलिपी र विदेश मलेशियामा काम गर्ने कम्पनीबाट हाल सालै समेत तलव लिनु भएको कागजको प्रतिलिपी मगाई मेरो नागरिकता र मेरो श्रीमानको नागरिकताको फोटोकपी यसै कागज साथ पेश गरेको छु भन्ने समेत ब्यहोराको मिति २०७८।१०।१५ गतेको कल्पना लिम्वुको कागज ।

१०. <u>सुमन दर्नालको घटना विवरण कागज</u> :- मिति २०७८।०८।२१ गते अन्दाजी ११:०० बजेको समयमा जिल्ला झापा मेचीनगर न.पा.वडा नं.६ स्थितमा २३ (तेईस) ग्राम लागू औषध ब्राउनसुगर सहित रमेस डि.सी. नाम गरेका मानिस पक्राउ परेको भनी हाल आएर सुनी थाहा पाएँ । पक्राउ प्रतिवादी रमेश डि.सी. लाई मैले चिनेको छैन । निज रमेश डि.सी.ले बयानमा खुलाई लेखाएको ९८१८२३१६१९ नम्बरको मोबाइल फोन नम्बर प्रयोग गर्ने सुदिप भन्ने व्यक्तिलाई म चिन्दिन । उक्त मेरो नाममा मैले निकालेको ९८१८२३१६१९ नम्बरको सिम आज भन्दा अन्दाजी ८/९ महिना अगाडी झापाको चाराली बजारमा हराएको थियो । उक्त मेरो नाममा निकालेको ९८१८२३१६१९ नम्बरको सिम लगाएको मेरो मोबायल फोन सुदिप भन्ने व्यक्तिले भेटेर प्रयोग गरेको हुनुपर्छ । सो सम्बन्धमा थाहा भएन । सिमकार्ड हराएपछि सम्बन्धित निकायमा गएर बन्द गराउने/अर्को सिम निकाल्नु पर्ने हो, तर सो सम्बन्धमा राम्रो ज्ञान नभएकोले केहि गरेको थिएन । हाल पक्राउ परेका रमेश डि.सी.को साथबाट बरामद भएको लागू औषधको कारोबारमा मेरो कुनै संलग्नता छैन । म लागू औषध सेवन समेत गर्दिन । हालसम्म लागू औषध ब्राउन सुगर देखेको पनि छैन । निज सुदिप भन्ने मानिसलाई मैले चिनेको छैन, मैले निजलाई सिम दिएको पनि हैन भन्ने समेत ब्यहोराको मिति २०७८।१०।२१ गतेको सुमन दर्नालको कागज ।

११. <u>सन्दिप भट्टराईको घटना विवरण कागज</u> :- मिति २०७८।०८।२१ गते अन्दाजी ११:०० बजे जिल्ला झापा मेचीनगर न.पा.वडा नं.६ स्थित मेची खोलाको पुरानो पुलको पश्चिमपट्टी नेपालतर्फ चेक पोइन्टमा डिउटीमा खटिएका प्रहरीले चेकजाँच गर्ने क्रममा भारतबाट नेपाल

आइरहेका जिल्ला सल्यान वनगाड न.पा. वडा नं. १ सल्लीबजार बस्ने वर्ष ३० को रमेश डी.सी. लाई लागू औषध ब्राउन सुगर जस्तो देखिने पदार्थ २३ (तेइस) ग्राम सहित फेला पारी बरामद गरी निजलाई समेत पक्राउ गरेको हो, सो समयमा म घटनास्थलमा नै काम विशेषले पुगेको थिएँ, पक्राउ प्रतिवादीले मेरो साथी किरण मगर र सुदिप भन्ने व्यक्ति समेतको संलग्नतामा विदेश भारतबाट खरिद गरी ल्याएको हुँ भनी बताएका हुन् । त्यसरी विदेश भारतमा गई लागू औषध खरिद गरी नेपालमा ल्याई दुर्व्यसनी फैलाउने प्रतिवादीहरु उपर कानून बमोजिम हुनुपर्छ भन्ने समेत ब्यहोराको मिति २०७८।१०।२७ गतेको सन्दिप भट्टराईको कागज ।

१२. <u>बुदलाल राजवंशीको घटना विवरण कागज</u> :- मिति २०७८।०८।२१ गते अन्दाजी ११:०० बजे जिल्ला झापा मेचीनगर न.पा.वडा नं.६ स्थित मेची खोलाको पुरानो पुलको पश्चिम पट्टी नेपालतर्फ चेक पोइन्टमा डिउटीमा खटीएका प्रहरीले चेकजाँच गर्ने क्रममा भारतबाट नेपाल आइरहेको जिल्ला सल्यानको सल्लीबजार बस्ने रमेश डी.सी. नाम थर वतन वताउने मानिसलाई लागू औषध ब्राउनसुगर जस्तो देखिने पदार्थ २३ (तेइस) ग्राम सहित फेला पारी बरामद गरी निजलाई समेत पक्राउ गरेको हो, पक्राउ पर्दा निज प्रतिबादीले साथी किरण मगर र सुदिप भन्ने व्यक्ति समेतको संलग्नतामा विदेश भारतबाट खरिद गरी ल्याएको हुँ भनी बताइरहेका थिए । बरामद लागू औषधको कारोबारमा संलग्नहरु उपर कसुर अनुसार कारवाही हुनुपर्छ भन्ने समेत ब्यहोराको मिति २०७८।१०।२८ गतेको बुदलाल राजवंशीको कागज ।

१३. <u>परीक्षण प्रतिवेदन</u> :- बरामदित चिज वस्तुमा Heroin (Diacetyl Morphine), 6-Acetyl Codeine र 6-Acetyl Morphine पाइएको भन्ने समेत ब्यहोराको केन्द्रीय प्रहरी विधि बिज्ञान प्रयोगशाला, सामाखुशी, काठमाण्डौको परीक्षण प्रतिवेदन ।

१४. <u>मानिस फेला नपरेको पत्र</u> :- फरार प्रतिवादी किरण मगरलाई खोजतलास गर्दा फेला नपरेको भन्ने च.नं. ४५७१ मिति २०७८।१०।२८ गतेको इलाका प्रहरी कार्यालय अनारमनी बिर्तामोड झापाको पत्र ।

## <u>अभियुक्त उपरको अभियोगः</u>

यसमा इलाका प्रहरी कार्यालय काँकडभिट्टा झापाबाट अनुसन्धान कार्य सम्पन्न भई राय साथ निर्णयार्थ पेश हुन आएको मिसिल संलग्न प्रहरी प्रतिवेदन, बरामदी/खानतलासी मुचुल्का, तौल मुचुल्का, प्रतिवादीको बयान, मौकामा बुझिएका मानिसहरुले गरिदिएको घटना विवरण कागज एवं लागू औषध परीक्षण प्रतिवेदन समेतका आधार प्रमाणहरुबाट विरुद्ध खण्डमा उल्लेखित प्रतिवादीहरुको मिलेमतोमा अवैध लागू औषधको ओसापसार संचय विक्री वितरण गरेको वारदात स्थापित हुन आयो ।

अब, यी प्रतिवादीहरुले गरेको उक्त कसूरजन्य कार्यमा के कुन कानून बमोजिमको सजायको मागदावी लिई अभियोजन गर्नुपर्ने हो भनी मिसिल संलग्न कागज प्रमाणहरुको बिश्लेषण गरि हेर्दा, मिति २०७८।०८।२१ गते विहानै देखि लागू औषध ब्राउन सुगर भारतबाट नेपालतर्फ ल्याउँदैछन्

भन्ने गोप्य सूचनाको आधारमा जिल्ला झापा मेचीनगर न.पा. वडा ६ स्थित मेचीखोलाको पुरानो पुल जुन पुलमा पैदलयात्री तथा साना सवारी साधनमा मानिसहरु नेपाल भारत आवात जावत गर्ने गरेको हुँदा सो ठाउँमा मेरो कमाण्डमा चेक प्वाईन्ट खडा गरी लागू औषध ओसार पसार गर्न सक्ने मानिसहरुको पहिचान तथा तलासी लिने क्रममा अं. ११:०० बजेको समयमा फेला परेका रमेश डि.सी. नाम बताउने व्यक्तिको व्याग तथा लगाएको कपडा, शरीरको तलासी लिंदा निजले वोकेको पछाडी भिर्ने व्यागभित्र विभिन्न कागजात भएको सो मध्ये Economics लेखेको किताव भित्रका पानाहरु मध्ये ११२ वटा पानाको विच भागमा काटेर खाल्डो जस्तो बनाएको सोही कितावको पानाहरु काटिएको खाल्डो जस्तो ठाउँ विचमा हरियो पातलो प्लाष्टिकले वेरेको लागू औषध व्राउन सुगर जस्तो पदार्थ फेला परेकोले निजलाई सोही ठाउँमा रोकी अनुसन्धान अधिकारी समेतको टोली आई कानून बमोजिम बरामद तथा नाप तौल गर्दा प्लाष्टिक वाहेक २३ ग्राम भएको हुँदा उक्त सामान को को भई ल्याएको भनी सोध्दा मेरो साथी किरण भन्ने व्यक्ति र मैले ल्याएको हो, निज किरण भन्ने भन्ने व्यक्ति पारी भारतमा नै छन् एकछिन पछि आउँछ अनि नेपालमा भेट्ने भनी कुरा भएको छ भनी वताएकोले निज रमेश डि.सी.लाई अनुसन्धान अधिकारीद्धारा जरुरी पक्राउ पूर्जी दिई उक्त बरामदित प्लाष्टिक वाहेक २३ ग्राम लागू औषध व्राउन सुगर जस्तो देखिने पदार्थ, उक्त लागू औषध व्राउन सुगर जस्तो पदार्थ लुकाई राख्न प्रयोग गरेको Economics लेखेको किताव उक्त लागू औषध सहितको किताव राख्न वोक्न प्रयोग गरेको कालो व्याग झोला लगायत रमेश डि.सी. लाई यसै प्रतिवेदन साथ दाखिला गरेका छौं, कानून बमोजिम कारवाही गरी पाउँ भन्ने समेत व्यहोराको प्र.ना.नि राजेन्द्रप्रसाद पासवान समेतको प्रतिवेदन परी सोही बमोजिमको लागू औषध, झोला, Economics लेखेको किताब फेला परेको भन्ने वरामदी मुचुल्का तयार भई अनुसन्धान कार्य प्रारम्भ भएको प्रस्तुत मुद्दामा वरामद भएको लागू औषधमा Heroin (Diacetyl Morphine), 6-Acetyl Codeine र 6-Acetyl Morphine पाइएको भन्ने परीक्षण प्रतिवेदन मिसिल सम्लग्न रहेको छ ।

प्रतिवादी रमेश डाँगीले बयान गर्दा लागू औषध व्राउन सुगर सेवन गर्ने क्रममा झापा जिल्ला घर वताउने अरुण राई/लिम्बु मंगोलियन जस्तो देखिने मानिससँग चिनजान भई निज मार्फत चिनजान भएका झापा बस्ने ९८२५९८५१५१ नम्बरको मोवायल फोन प्रयोगकर्ता किरण भन्ने व्यक्तिसँग मैले फोनमा कुरा गर्दा झापा आउँदै छु व्राउन सुगर चाहिएको छ, पाइन्छ कि पाइदैन भनेर सोध्दा पाइन्छ तर पारी भारतको पानी ट्याङ्कीमा जानुपर्छ भनेपछि मैले हुन्छ भनी मिति २०७८।०८।२० गते दिनको १२:५० को बुद्ध एयरको उडानद्वारा काठमाडौंबाट भद्रपुर आई विर्तामोड आएर किरण भन्ने व्यक्तिलाई भेटी मिति २०७८।०८।२१ गते विहानै उसको कोठाबाट हामी दुवैजना उठेर विर्तामोडको पश्चिम स्टेनमा आई रातो बस गाडीमा चढेर काँकडभिट्टा हुदै भारतको पानी ट्याङ्की पुगी निज किरणले मसँग नेपाली रु.६०,०००।- पैसा लिई व्राउन सुगर खरिद गर्न गएको हो । मैले २० ग्राम व्राउन सुगर किन्न रकम दिएको हुँ । निजले लगभग १० मिनेट जतिमा निजकै Economics लेखको कितावमा भित्र पानाहरु काटी लुकाएर किताव भित्र राखी ल्याएर देखायो, मैले हेरे पछि उक्त किताव सहित किताव भित्र रहेको लागू औषध व्राउन सुगर मैले बोक्ने व्याग भित्र राखी व्याग बोकेर आउँदै गर्दा मेचीखोलाको पुलमा निज किरण भन्ने व्यक्तिको

जिल्ला सरकारी वकिल कार्यालय भद्रपुर, झापा

फोन आयो निज त्यहीबाट तिमी जाँदै गर म एकछिन पछि आउँछु भनी मलाई नेपालतर्फ जादै गर्नु भनेकाले म नेपालतर्फ आउँदै गर्दा नेपाल प्रहरीका टोलीले फेला पारी चेकजाँच गर्दा मैले वोकेको व्यागभित्र रहेको Economics लेखेको कितावको विच पानाहरु काटेर राखेको हरियो रंगको प्लाष्टिकले पोको पारी लुकाई छिपाई ल्याउँदै गरेको अवस्थामा प्रहरीले मलाई पक्राउ गरी मेरो साथबाट २३ ग्राम लागू औषध व्राउन सुगर बरामद गरेको हो । मैले २० ग्राम मात्र ल्याउन पठाएको हो । ३ ग्राम निज किरणले थप गरी ल्याएछन् भनी लेखाएको अवस्था छ भने **मौकामा कागज गर्ने मानिसहरुले** मिति २०७८।०८।२१ गते अन्दाजी ११:०० बजे डिउटीमा खटीएका प्रहरीले चेकजाँच गर्ने क्रममा भारतबाट नेपाल आइरहेको जिल्ला सल्यानको सल्लीबजार बस्ने रमेश डी.सी. को साथवाट लागू औषध ब्राउनसुगर जस्तो देखिने पदार्थ २३ ग्राम फेला पारी बरामद गरी निजलाई समेत पक्राउ गरेको हो, पक्राउ पर्दा निज प्रतिबादीले साथी किरण मगर र सुदिप भन्ने व्यक्ति समेतको संलग्नतामा विदेश भारतबाट खरिद गरी ल्याएको हुँ भनी बताइरहेका थिए । बरामद लागू औषधको कारोबारमा संलग्नहरु उपर कसुर अनुसार कारवाही हुनुपर्छ भनी लेखाएको अवस्था छ ।

अत विरुद्ध खण्डमा उल्लेखित प्रतिवादीहरुले मिलेमतो गरी भारतवाट खरिद गरी लागू औषध व्राउन सुगर विक्री वितरण गर्न ओसार पसार गरेको र वरामद भएको लागू औषधको परिमाण समेत ठूलो मात्राको रहेको देखिएकाले **प्रतिवादीहरु रमेश डाँगी भन्ने रमेश डि सी र किरण मगर समेतले** अवैध रुपमा २३ ग्राम लागू औषध ब्राउन सुगर खरिद, ओसार पसार, बिक्रि, वितरण, सञ्चय गरेको देखिन आई निज प्रतिवादीहरुले लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को देहाय (घ), (ङ) र (च) बमोजिमको कसूर गरेको पुष्टि हुन आयो ।

**<u>अभियुक्तलाई हुनुपर्ने सजायः</u>**

विरुद्ध खण्डमा उल्लेखित **प्रतिवादीहरु रमेश डाँगी भन्ने रमेश डि.सी. र किरण मगरलाई लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को देहाय (घ), (ङ) र (च) बमोजिमको कसूरमा सोही ऐनको दफा १४(१)(छ)(१) बमोजिम पाँचवर्षदेखि दश वर्षसम्म कैद र पाँचहजार रुपैयाँ देखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना हुन, प्रतिवादी रमेश डाँगी भन्ने रमेश डि.सी. उपर प्र.ना.नि. भिमसिंह राजपुत समेतको प्रतिवेदन जाहेरीले वादी नेपाल सरकार प्रतिवादी यिनै समेत भएको लागू औषध मुद्दा सम्मानित सिराहा जिल्ला अदालतमा दर्ता भएको भन्ने मिसिलबाट देखिंदा निज प्रतिवादी रमेश डाँगी भन्ने रमेश डि.सी. लाई ऐ को दफा १६ बमोजिम थप सजाय गरिपाउन तथा वरामदित झोला र Economics लेखेको किताब ऐ को दफा १८ बमोजिम जफत गरिपाउन मागदावी लिई** सक्कल मिसिल कागजातहरू र पक्राउ **प्रतिवादी रमेश डाँगी भन्ने रमेश डि.सी.** लाई यसै अभियोग पत्रसाथ पेश गरिएको बेहोरा अनुरोध छ ।

साथै फरार प्रतिवादी **किरण मगर**को हकमा हकमा सम्मानित अदालतबाट नै मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५७ बमोजिम समाह्वान तथा पक्राउ पुर्जि जारी गरी पाउँ ।

**<u>क्षतिपूर्तिको मागदावीः</u>** X

**अभियोग दावीसँग सम्बन्धित कानूनी व्यवस्थाः**

लागू औषध (नियन्त्रण ) ऐन,२०३३ को

दफा ४ निषेध गरिएका कार्यहरु : कुनै पनि व्यक्तिले देहायका कार्यहरु गर्न हुँदैन :–

(घ) लागू औषध बिक्री वितरण गर्न,

(ङ) लागू औषधको निकासी वा पैठारी गर्न, र

(च) लागू औषध खरीद गर्ने, संचय गर्ने, राख्ने वा ओसारपसार गर्ने र

**दफा १४. दण्ड सजायः** (१) दफा ४ अन्तर्गत निषेध गरिएका कार्य गर्ने व्यक्तिलाई अपराधको मात्रा अनुसार देहाय बमोजिम सजाय हुनेछः

(छ) अफीम,कोका वा सोबाट बनेको लागू औषधको सेवन र खेती गर्ने कार्य बाहेक अन्य निषेधित कार्य गर्ने व्यक्तिलाईः- (१) पच्चीस ग्रामसम्मको कारोबार गर्नेलाई पाँचवर्षदेखि दश वर्षसम्म कैद र पाँचहजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना।

**दफा १६.** बारम्बार अपराध गर्नेलाई थप सजाय : यस ऐन अन्तर्गत एक पटक सजाय पाइसकेको व्यक्तिले पुनः यसै ऐन अन्तर्गत अपराध गरेमा निजलाई त्यस्तो पछिल्लो प्रत्येक पटकको निमित्त तोकिएको सजायमा थप पाँच वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिवाना हुनेछ ।

**दफा १८. अपराधसित सम्बन्धित मालसामान जफत हुनेः**

यस ऐन अन्तर्गत सजाय हुने अपराधसित सम्बन्धित सबै लागू औषध तथा त्यस्तो लागू औषध निर्माण वा उत्पादन गर्न प्रयोग गरिएका सबै मालसामान तथा यन्त्रहरु जफत हुनेछन्र त्यस्तो लागू औषध राखी ओसार पसार गर्न प्रयोग गरिएका रेल तथा हवाईजहाज बाहेक जुनसुकै सवारी समेत जफत हुनेछ ।

तर सो सवारी त्यस्तो अपराध गर्न प्रयोग गरिने वा गरिएको कुरा सवारी धनीलाई थाहा थिएन भन्ने कुराको प्रमाण निजले पेश गर्न सकेमा भने त्यस्तो सवारी जफत गरिनेछ छैन ।

**अन्य कुरा खुलाउनुपर्ने भए सो कुराहरुः** ×

साथै प्रतिवादी रमेश डाँगीको बयानवाट खुलेका अरुण राई लिम्वु र सुदिप भन्ने मानिसको यकिन नाम थर वतन खुली आएमा वा पक्राउ परी आएमा तथा प्रस्तुत वारदातमा अन्य कोही कसैको संलग्नता रहे भएको खुली आएको अवस्थामा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३५ बमोजिम थप दावी लिइने बेहोरा समेत अनुरोध छ ।

**सबुद/प्रमाण**

**दशी प्रमाण तथा कसुरसंग सम्बन्धी चिज वस्तुः** बरामदित कालो रङको पछाडी भिर्ने व्याग (झोला) थान १, Economics लेखेको किताब थान १ तथा लागू औषध नमुना खाम बन्दी थान १ ।

**गवाह** : प्रहरी प्रतिवेदक समेत ।

**देख्ने/सुन्ने** : बरामदी/खानतलासी मुचुल्काका तथा बुझिएका मानिसहरु समेत ।

**प्रस्तुत कागजातहरुः**

१. मिति २०७८।०८।२१ गतेको खानतलासी गर्ने सुचना र जरूरी पक्राउ पुर्जी पाना २

२. ऐ.ऐ मितिको तौल मुचुल्का पाना १
३. ऐ.ऐ मितिको बरामदी/खानतलासी मुचुल्का पाना २
४. ऐ.ऐ मितिको प्रहरीको प्रतिवेदन पाना १
५. प्रतिवादी रमेश डि.सी. को खोप कार्ड र नागरिकताको फोटोकपी पाना २
६. मिति २०७८।०८।२१ गतेको अनुसन्धान अधिकारी तोकेको पत्र समेत पाना ३
७. ऐ.ऐ मितिको स्वास्थ्य परिक्षणको लागि लेखेको पत्र र रिपोर्ट समेत पाना ३
८. ऐ.ऐ मितिको थुनुवा पुर्जी पाना १
९. मिति २०७८।०८।२२ गतेको प्रारम्भिक अनुसन्धान प्रतिवेदन पठाएको पत्र पाना १
१०. ऐ.ऐ मितिको जरूरी पक्राउ पुर्जी स्वीकृत गरी पाउन लेखेको पत्र पाना १
११. ऐ.ऐ मितिको पहिलो पटक म्याद थप पत्र पाना २
१२. ऐ.ऐ मितिको प्रतिवादीलाई बयानको लागि उपस्थित गराईएको पत्र पाना १
१३. मिति २०७८।०८।२२ गतेको प्रतिवादी रमेश डि.सी. को बयान पाना ४
१४. मिति २०७८।०८।२४ गतेको लागू औषध परीक्षणको लागि पठाएको पत्र पाना २
१५. मिति २०७८।०८।२८ गते प्रतिनिधी खटाई पठाई दिने सम्बन्धि पत्र पाना १
१६. मिति २०७८।०९।०२ गतेको नष्ट मुचुल्का पाना १
१७. मिति २०७८।०९।०२ गतेको दोश्रो पटक म्याद थप पत्र पाना २
१८. रमेश डि.सी. को RAT (Antigen) Negative रिपोर्ट पाना १
१९. लागू औषध नमुना परीक्षणको लागि वुझाएको भरपाई पाना १
२०. मिति २०७८।०९।१२ गतेको तेश्रो पटक म्याद थप पत्र पाना २
२१. मिति २०७८।१०।०२ गतेको परीक्षण प्रतिवेदन पठाई दिन लेखेको पत्र पाना १
२२. मिति २०७८।१०।०२ गतेको चौथो पटक म्याद थप पत्र पाना २
२३. क्रमसंख्या ११०३ को प्रहरी संचार पाना १
२४. मिति २०७८।१०।०६ गतेको च.नं. ४५६८ को पत्रको फोटोकपी पाना १
२५. अभियोग पत्रको फोटोकपी पाना ९
२६. आदेश पर्चाको फोटोकपी पाना २
२७. धरौटी रसिदको फोटोकपी पाना १
२८. मिति २०७८।१०।०६ गतेको च.नं. १२६५३ को पत्रको फोटोकपी पाना १
२९. मिति २०७८।१०।०६ गतेको च.नं. ४५७६ को पत्रको फोटोकपी पाना १
३०. मिति २०७८।१०।१० गतेको कल डिटेल्स माग गर्ने अनुमती पत्र पाना १
३१. मिति २०७८।१०।१२ गतेको कल डिटेल्स माग गरिएको पत्र पाना २
३२. कल डिटेल्स विवरण पाना २३
३३. मिति २०७८।१०।१३ गतेको जिल्ला प्रशासन कार्यालय झापालाई लेखेको पत्र पाना २
३४. सुमन दर्नालको नागरिकताको विवरण पाना १
३५. मिति २०७८।१०।१३ गतेको क्रमसंख्या ११७६ को प्रहरी संचार पाना १

३६. नागरिकताको फोटोकपी समेत पाना ३
३७. मिति २०७८।१०।१५ गतेको कल्पना लिम्वुको कागज पाना २
३८. मिति २०७८।१०।१५ गतेको क्रमसंख्या ११८५ को प्रहरी संचार पाना १
३९. ऐ.१०।१६ गतेको ततिम्वा बयानको लागि प्रतिवादी उपस्थित गराईएको पत्र पाना १
४०. ऐ.ऐ मितिको प्रतिवादी रमेश डाँगी भन्ने रमेश डि.सी. को ततिम्वा बयान पाना १
४१. मिति २०७८।१०।१७ गतेको पाँचौ पटक म्याद थप पत्र पाना २
४२. मिति २०७८।१०।१९ गतेको ई.प्र.का बुधवारेको पत्र पाना १
४३. सुमन दर्नालको नागरिकताको फोटोकपी पाना १
४४. मिति २०७८।१०।२१ गतेको सुमन दर्नालको कागज पाना १
४५. मिति २०७८।१०।२३ गतेको प्रतिवादी पक्राउ अनुमतीको लागि लेखेको पत्र पाना १
४६. मिति २०७८।१०।२४ गतेको प्रतिवादी पक्राउ गर्न लेखिएको पत्र पाना १
४७. मिति २०७८।१०।२७ गतेको छैटौं पटक म्याद थप पत्र पाना २
४८. मिति २०७८।१०।२७ गतेको सन्दिप भट्टराईको कागज पाना १
४९. मिति २०७८।१०।२८ गतेको बुदलाल राजवंशीको कागज पाना १
५०. मिति २०७८।०९।२२ गतेको परीक्षण प्रतिवेदन र पत्र समेत पाना २
५१. मिति २०७८।१०।२८ गतेको मानिस फेला नपरेको पत्रको फोटोकपी पाना १
५२. कोरोना परीक्षण रिपोर्ट पाना १
५३. मिसिल पञ्जिका पाना १ ।

**यो अभियोगपत्रबाट कारवाही शुरु गर्न अनुरोध गरिन्छ ।**

सरकारी वकीलको:-
दस्तखत:..........................
नाम: प्रकाश गौतम
दर्जा: जिल्ला न्यायाधिवक्ता
कार्यालय: जिल्ला सरकारी वकील कार्यालय, झापा ।
मिति: २०७८।११।०५ गते रोज ५ शुभम् ।

कार्यालयको छाप:-

| प्रतिवादी रमेश डाँगी भन्ने रमेश डि.सी.को औठाछाप |
|---|
| |

ईति सम्वत २०७८ साल फाल्गुण महिना ११ गते रोज ५ शुभम् ...............................।